जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी.द.नं. ४१/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष १० • अंक ११९ • २०७९ फाल्गुण ८ गते सोमवार • 20 Feb. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## मिथिलाको महाकुम्भ मानिने मिथिला मध्यमा परिक्रमा सुरु



जलेश्वरटुडे समाचारदाता
धनुषा, ७ फाल्गुण

मिथिलाको महाकुम्भ मानिने मिथिला मध्यमा परिक्रमा सुरु हुन लागेको छ । सोमबार धनुषाको मिथिला विहारी नगरपालिका कचुरीस्थित मठबाट डोला निस्केसँगै मिथिला मध्यमा परिक्रमा सुरु हुनेछ ।

जनकपुरधामस्थित अग्निकुण्डबाट किशोरीजी अर्थात माता जानकीको डोला र मिथिला बिहारी अर्थात भगवान रामको डोलासँगै १५ दिनसम्म मिथिलाका विभिन्न धार्मिक स्थलहरुको परिक्रमा गर्ने गरिन्छ । मिथिला महात्ममा मिथिलामा बृहत, मध्यमा र अन्तगृह गरी तीनवटा परिक्रमाको उल्लेख पाइन्छ ।

नेपालकै सबैभन्दा लामो १५ दिने मिथिला मध्यमा परिक्रमाको क्रममा नेपाल र भारतका विभिन्न स्थानमा श्रद्धालुहरु पुग्ने गर्छन्। सोमबार कचुरीबाट निस्केको परिक्रमाका यात्रु साँझसम्म जनकपुरधामको हनुमाननगरमा पुगी विश्राम गर्नेछन् । फागुन शुक्ल औंसीको दिन कचुरीबाट निकालिएको डोला हनुमानगढीमा विश्राम गरेर मंगलबार भारतको कल्याणेश्वर जानेछ। हनुमानगढीबाट निस्केपछि मिथिला मध्यमा परिक्रमाको औपचारिक सुरुवात हुन्छ।

नेपालको धार्मिक ऐतिहासिक ठाउँहरुको १०७ किलोमिटर र भारतको २६ किलोमिटर गरी जम्मा १३३ किलोमिटर भूभागको यात्रा गर्नेछ। जसलाई मिथिला मध्यमा परिक्रमा भन्ने गरिन्छ। पछिल्लो दुई वर्षदेखि कोरोना भाइरसको कारण मिथिला मध्यमा परिक्रमा प्रभावित हुँदै आएको थियो।

मिथिला मध्यमा परिक्रमा जनकपुरधामको हनुमानगढी, भारतको कल्याणेश्वर, गिरिजास्थान, महोत्तरीको मठिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन, धनुषाको पर्वता, धनुषाधाम, सतोखर र औरही पुग्नेछ । पुनः भारतको करुणा, विशौल लगायतका धार्मिक स्थल हुँदै १४ औं दिनमा जनकपुरधाम फर्कनेछ। परिक्रमा महोत्तरीको कञ्चनवणमा पुगेपछि मिथिलामा होलीको सुरुवात हुन्छ।

## जनकपुरधामका होटलहरुको अनुगमन आवश्यक

जलेश्वरटुडे समाचारदाता
धनुषा, ७ फाल्गुण

मधेस प्रदेशको राजधानी जनकपुरधाममा अवस्थित साना तथा ठूला होटलहरुको अनुगमन सम्बन्धीत सरोकारवालाहरुले गर्न आवश्यक रहेको देखिन्छ । अहिले शहरमा आवश्यकता भन्दा बढी होटलहरुको संचालन भईसकेका छन् भने दिनानुदिन नयाँ होटल व्यवसायको संचालनमा सम्बन्धीत निकायको अवरोध नरहेको देखिन्छ ।

अहिले कतिपय होटलहरु विना दर्ता चलाएका छन् भने कतिपय होटलमा अखाद्य




सामाग्रीहरु मिसाएर बेच्ने गरेको जनगुनासो बढेको छ । अहिले खानाको मुल्य भन्दा नास्ता तथा खाजाको मुल्य महँगीएको देखिन्छ । होटलहरुमा सरसफाईको समेत कमि देखिएको छ । यसले गर्दा साधारण उपभोक्ताहरु यस्ता व्यवसायीहरुबाट खाद्य सामाग्री किन्न बाध्य हुनुका साथै ठगीएको समेत जनगुनासो बुझिएको छ ।

यसै क्रममा जनकपुरधाम उपमहानगरपालिका अन्तर्गत वडा नं.–४ मा पर्ने कदम चौकमा रहेको राजदेवी स्वीट एण्ड चाट पसलले ८० रुपैयाँमा एक प्लेट चाट र ५० रुपैयाँमा हाफ प्लेट चाट बेच्ने गरेको बुझिएको छ । यसै गरी अन्य सामानहरुमा समेत मनपरी हिसाबले सामान बेच्ने


बांकी पृष्ठ २ मा ।

## एमाले सांसद लक्ष्मी महतो कोइरी निलम्बनमा पर्ने भए

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ७ फाल्गुण

प्रस्तावित प्रतिनिधिसभा नियमावली संसदबाट हुबहु पारित भए सुरक्षाकर्मी हत्याको आरोपमा उच्च अदालत जनकपुरले थुनामा राख्न आदेश दिएर पनि फरार रहेका एमाले सांसद लक्ष्मी महतो कोइरी निलम्बनमा पर्ने भएका छन । मस्यौदा समितिले तयार गरेको नियमावलीमा अदालतले थुनामा राख्न आदेश दिए पनि फरार रहेका सांसदलाई निलम्बन गर्न सकिने प्रावधान रहेको छ ।

नियमावलीको मस्यौदा १० गते बस्ने बैठकमा पेस हुँदै छ । नियमावली पारित भएपछि कोइरी निलम्बनमा पर्नेछन् भने सेवा, सुविधा र पारिश्रमिक पनि स्थगित हुनेछ । 'अब फरार सांसद स्वतः निलम्बनमा



पर्नेछन्,' मस्यौदा समितिका संयोजक चित्रबहादुर केसीले भने, 'अदालतको आदेशले निर्दोष ठहरिएमा मात्रै निलम्बन फुकुवा हुनेछ ।' अघिल्लो प्रतिनिधिसभा नियमावली फरार सांसदबारे मौन थियो । संसद् सचिवालयले कानुनी आधारबिनै कोइरीको सुविधा भने रोकेको छ ।

सुरक्षाकर्मी थमन विकको हत्यामा संलग्न भएको भन्दै एमाले सांसद कोइरीलाई उच्च अदालत जनकपुरले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो । उच्च अदालतको आदेशअनुसार थुनामा नबसी कोइरी फरार रहेको जानकारी प्रहरी प्रधान कार्यालयले संसद् सचिवालयलाई पुस ९ मै पठाइसकेको छ । मधेस आन्दोलनका क्रममा ०७२ भदौ २५ मा आन्दोलनकारीको कुटाइबाट गम्भीर घाइते सशस्त्र प्रहरीका सहायक निरीक्षक थमन विकलाई उपचारका लागि जनकपुर लैजाने क्रममा एम्बुलेन्सबाट थुतेर हत्या गरिएको घटनामा कोइरीलाई अभियुक्त बनाइएको छ ।

घटनापछि थमनका दाजु प्रेमबहादुरले कोइरीसहित २८ जनाको नाम किटेर जाहेरी दिएका थिए । जिल्ला अदालत महोत्तरीले ०७६ असोज २ मा कोइरीलाई १ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको थियो ।

बांकी पृष्ठ २ मा ।

## ज्ञान गंगाले मनाए ७३ औं प्रजातन्त्र दिवस

जलेश्वरटुडे समाचारदाता
धनुषा, ७ फाल्गुण



जनकपुरधाममा अवस्थित ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलले आज एक कार्यक्रम वीच ७३ औं प्रजातन्त्र दिवस मनाएका छन् । विद्यालयको प्रधानाध्यापक प्रा.पवन कुमार साहको अध्यक्षतामा संचालन भएको सो कार्यक्रममा प्र.अ.साहले नेपालको झण्डा फहराई विद्यार्थीहरु तथा शिक्षकहरुको सहभागितामा राष्ट्रिय गान गाई ७३ औं प्रजातन्त्र दिवस मनाएका थिए । प्र.अ.साहले विद्यार्थीहरुलाई २००७ सालदेखि प्रजातन्त्रको लागि अहिलेसम्म भएको प्रयासको बारेमा जानकारी गराउनु भएको थियो। तर जतिसुकै नेपालमा प्रजातन्त्र तथा लोकतन्त्र आए पनि विभिन्न किसिमको विभेदहरु कायमै रहेको कारण जनतामूखि प्रजातन्त्रको पुर्नस्थापना गर्न व्यवहारमा समेत परिवर्तनको खाँचो रहेको प्र.अ.साहले बताउनुभयो ।

### जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वा नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।
- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्पान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायमलाई निरन्तरता दिऔं,

स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरी

### सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

- सार्वजनिक सम्पत्तिको अत्तिमण नगरौं ।
- सार्वजनिक सम्पत्ति स्हायार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको सूत्र
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today Daily
एक कदम अगाडि



जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

# विकल्पहीन राष्ट्रिय सहमति

*राष्ट्रपतिको निर्वाचन जति नजिकिँदै गएको छ, राष्ट्रिय सहमतिको चर्चा उति नै चुलिँदै छ । पछिल्ला दिनमा सबैभन्दा बढी जोड प्रधानमन्त्री पुष्पकमल दाहालले दिनुभएको छ । नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले राष्ट्रिय सहमतिको चर्चा गर्ने गर्नुहुन्थ्यो भने रामचन्द्र पौडेलले पनि समय-समयमा उठाउने गर्नुभएको छ। सरसर्ती हेर्दा कांग्रेस र माओवादी केन्द्रका नेताले यो विषयमा आवाज उठाइरहेको पाइए पनि नेपालको राजनीतिक, आर्थिक र सामाजिक अवस्थालाई नियाल्दा सबै राजनीतिक दलले कतिपय विषयमा एकताबद्ध भई काम गर्नुपर्ने आवश्यकता देखिएको छ ।*

*नेपालको संसद् वर्तमान संवैधानिक व्यवस्थाका कारण अधिकांश समय कुनै एक दलको बहुमतसहितको हुने अवस्था देखिँदैन । कथम् कदाचित् कुनै एक दलले बहुमत प्राप्त गरिहाले पनि राजनीतिक दलहरूका नेतामा पलाउने महत्वाकाङ्क्षाका कारण दिगो नहुन पनि सक्छ । मुलुकलाई अहिलेकै पद्धतिअनुरूप दीर्घकालसम्म अघि बढाउने प्रतिबद्धतामा सबै रहिरहने हो भने सहमतिको कुनै विकल्प हुनै सक्दैन ।*

*दलहरू र नेताहरूका बीचमा आपसी समन्वयको अभाव हुने हो भने न संसद्ले जनताको विश्वास आर्जन गर्न सक्दछ न मुलुकले अग्रगति नै लिन सक्दछ । राजनीति फोहोरी पक्षको सिकार नै भएको छ । अत्यन्त असभ्य राजनीतिक परिपाटीलाई नेपालमा संस्थागत गरिसकिएको छ। यस्तो अवस्थामा नेपालको राजनीतिलाई सुधार्न कसैले प्रयास गर्दछ भने त्यसको सराहना गर्नुबाहेक जनताका हातमा अरू कुनै विकल्प हुनै सक्दैन । वर्तमान परिप्रेक्ष्यमा कांग्रेस र माओवादीका नेताबाट सहमतिका कुरा निस्कनुलाई सकारात्मक रूपमा हेरिएको छ । राष्ट्रपतिले आफ्नो गरिमा धान्नुपर्छ र जनताको शिर पनि उचो बनाउनु छ । राष्ट्रपतिमा राष्ट्रिय सहमति कायम गर्नु अहिलेको मुख्य आवश्यकता हो ।*

*जनकपुरधामका होटलहरुको.........*

गरेको हुदा सम्बन्धीत निकायले समयमै ध्यान दिन आवश्यक छ। यस्तो सामानको मोलमा फरकको कारण सोध्दा झन् रिसाएर उपभोक्ताहरुलाई दुर्व्यवहार गरेको बुझिएको छ। होटल सबैका लागि आवश्यक छन् तर यसको नियमित रुपमा अनुगमन तथा जाँचपडताल हुनुपर्दछ । गैरकानुनी रुपमा संचालनमा रहेका तथा महँगो अखाद्य सामाग्री बेच्ने व्यवसायीहरुलाई निरुत्साहित गर्न उपमहानगर तथा सम्बन्धीत सरोकारबालाहरुले ध्यान दिन आवश्यक छ ।

*एमाले सांसद लक्ष्मी.............*

आदेशविरुद्ध पुनरावेदन परेपछि जनकपुर उच्च अदालतले ०७७ मंसिर १९ मा जिल्लाको आदेश उल्ट्यायो र कोइरीलाई थुनामै राखेर मुद्दा अघि बढाउन आदेश दिएको थियो । फरार रहेकै बेला उनी महोत्तरी-१ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । उनी निर्वाचनको केही दिनअघि मात्रै जसपाबाट एमाले प्रवेश गरेका थिए । उनले बानेश्वरस्थित संसद् भवनमै शपथ लिएका थिए । त्यस्तै प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दिन पनि हाजिर भएका थिए ।

शपथकै दिन प्रहरीले उनी फरार रहेको पत्र लेखेर संसद् सचिवालयलाई जानकारी गराएको थियो । 'महतो मुद्दाको पुर्पक्षका लागि थुनामा बसी कारबाही प्रक्रिया अगाडि बढाउनुपर्नेमा तारिख गुजारेर हालसम्म फरार छन्,' प्रहरी प्रधान कार्यालयले संसद् सचिवालयलाई पुस ७ मा शपथकै दिन पठाएको पत्रमा भनिएको छ, '०७७ मंसिर १९ मा उच्च अदालत जनकपुरबाट भएको आदेश कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक सहयोग गरिदिने व्यवस्था हुन सादर अनुरोध गरिएको छ ।'

# संसदीय छानबिन समितिले वित्तीय अनुशासन भंग





**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ७ फाल्गुण**

मधेश प्रदेशसभाले पुराना योजनाहरुको भुक्तानीका लागि उपसभामुख बबिता कुमारी राउत इशरको संयोजकत्वमा गठन गरेको उच्चस्तरीय संसदीय छानबिन समितिले वित्तीय अनुशासन भंग गरेको छ।

पुराना रकम भुक्तानीको नाममा प्रदेश सरकार पटक-पटक समिति बनाएर रकम भुक्तानी गर्नुले प्रदेशमा वित्तीय अनुशासन कायम गर्न प्रदेश सरकार असफल भएको छ। प्रदेश सरकार स्थापना भएको तेस्रो बर्षमा समेत एक पटकको लागि भन्दै समिति गठन गरिएको थियो तर, फेरि यस पटक समिति बनाइएको छ। दुई आर्थिक बर्ष पुरानो भुक्तानी दिने चलखेलका साथ प्रदेश सरकारले सो समिति गठन गरेको छ। प्रदेश सरकारले ल्याएका योजनाहरु आफ्नो कार्यकर्ता तथा नजिककाहरुलाई दिएको कारण कुनै पनि हालतमा भुक्तानी गर्नुपर्ने मनस्थितिमा देखिएको छ। समितिले सरकारको गत आर्थिक बर्षमा कार्यसम्पन्न भइ भुक्तानी हुन बाँकी रहेका योजनाहरुको स्थलगत निरीक्षण र नापजाँच गर्नुका साथै सरकारका निकायहरुसँग कागजात माग गर्ने, सरकारको पदाधिकारीहरुसँग बयान लिने, सरकारको प्राविधिकहरुलाई काममा खटाउने र आवश्यक परेमा विज्ञ एवं प्राविधिकलाई करारमा राखी कामकाजसमेत गराउन सक्ने जनाइएको छ। तर अर्थशास्त्री तथा राष्ट्रिय योजना आयोगका पूर्व सदस्य सुरेन्द्र लाभले सरकारको निर्णय वित्तीय अनुशासन विपरीत रहेको टिप्पणी गरेका छन्। उनले पटक- पटक यसै प्रदेशमा यस्ता समस्या किन आउँछ भनेर प्रश्न समेत गरे।

उनले योजनाहरुको समयमा कार्यादेश, अनुगमन, निरीक्षण नगरेका कारण यस्ता समस्या उत्पन्न भएको बताए।

# चौथो पटक पोखरेल उत्कृष्ठ



**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ७ फाल्गुण**

सप्तरी जिल्लामा रहेर मानव अधिकारको अभिलेख, प्रसार र पीडितको न्यायकालागि कामगर्दै आउनु भएका मनोहर पोखरेल इन्सेकबाट २०७९ सालको उत्कृष्ठ प्रतिनिधि घोषित हुनु भएको छ ।

यसअघि २०७४ सालमा पूर्वाञ्चल र २०७५ सालमा मधेस प्रदेशबाट उत्कृष्ठ प्रतिनिधिबाट उत्कृष्ठ प्रतिनिधिका रुपमा पुरस्कृत हुनु भएका पोखरेलले यस वर्ष पनिउत्कृष्ठ प्रतिनिधि घोषित हुनु भएको इन्सेकले जनाएको छ । नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ को ३१ औं अंकको आइतबार काठमाडौंमा विमोचन भएसँगै पुरस्कृत हुनेहरुको नाम सार्वजनिक भएको हो। आइतबार नै सबै प्रदेशको राजधानीमा समेत एउटै समयमा पुस्तक सार्वजनिकरण भएको छ। पोखरेल काम सुरुवात गरेकै वर्ष २०७० सालमा देशभरीकै सर्वोत्कृष्ठ प्रतिनिधिको पुरस्कारबाट पुरस्कृत बन्नुभएको थियो ।

२०७४ सालदेखि सर्वोत्कृष्ठ पुरस्स्कारको प्रावधान हटाएर इन्सेकले प्रदेश स्तरको उत्कृष्ठ पुरस्कारलाई मात्रनिरन्तरतादिदै आएको छ । सप्तरी जिल्लामा रहेर मानव अधिकारको अभिलेख र प्रसारको कामगर्दै आउनु भएकापोखरेल चारपटक महिनाको उत्कृष्ट प्रतिनिधिबाट समेत पुरस्कृत हुनु भएको छ। २०७६ सालदेखि सुरु भएको महिनाको उत्कृष्ठ पुरस्कारमा चार पटक पुरस्कार प्राप्त गरिसक्नु भएका पोखरेल मानव अधिकारका समसामयिक विषय र आधारभूत तहका मानिसहरूको अधिकारका सवालमा कलम चलाउनुका साथै पीडितको न्याय प्राप्तिकालागि वकालत गर्दै आउनु भएको छ। पोखरेलले २०७६ असार, ०७७ असोज, ०७९ वैशाख र ०७९ पुस महिनाको उत्कृष्ठ प्रतिनिधिबाट समेत पुरस्कार प्राप्त गर्नुभएको छ । यो वर्ष प्रदेश १ बाट धनुक्टाका इश्वर थापा, बागमती प्रदेशबाट दोलखाका उद्धव प्रसाद पोखरेल, गण्डकी प्रदेशबाट म्याग्दीका अमृत प्रसाद पौडेल, लुम्बिनी प्रदेशबाट रुपन्देहीका रिमाबीसी, कर्णालीप्रदेशबाट हुम्लाका नन्द सिंह र सुदूर पश्चिमबाट दार्चुलाका नरेन्द्रसिंह कार्की उत्कृष्ठ घोषित हुनु भएको छ ।

पुरस्कृत सबैलाई प्रशंसापत्र सहित नगद सात हजार र उपहारबाट आगामी दिन पुरस्कृत गरिने इन्सेकले जनाएको छ । काठमाडौँमा आयोजित कार्यक्रममा सन् २०२२ का मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ७ हजार ३ सय ७६ जना पीडित भएको तथ्याङ्क सार्वजनिक गरिएको छ । सन् १९९२ देखि हरेक वर्ष फागुन ७ गते पुस्तक प्रकाशन गरी विमोचन गर्दै आएको नेपाल मानवअधिकार वर्ष पुस्तक २०२३ मा सो तथ्याङ्क समेटिएको हो ।

इन्सेकले गरेको अभिलेख अनुसार सन् २०२२ मामानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ७ हजार ३ सय ७६ जना पीडित भए । सन् २०२१ मा यस्ता घटनामा ६ हजार २ सय ८५ जना पीडित भएको अभिलेख राखेको इन्सेकले जनाएको छ ।

सन् २०२२ मा राज्य पक्षाबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ५० महिला र ५ सय ७२ पुरुष गरी ६ सय २२ जना तथा अन्य पक्षाबाट भएका ज्यादतीका घटनामा ५ हजार ९ सय ४४ जना महिला, ८ सय ७ पुरुषर तीन जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक सहित ६ हजार ७ सय ५४ जना पीडित भएका इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले बताउनु भयो । सार्वजनिक तथ्याङ्क अनुसार महिलामाथि हुने हिंसाका घटनामा सबैभन्दा बढी ४ हजार २ सय २८ जना पीडित देखिएको छ ।

## तपाईको टुडे

मेष: मित्रतामा फाटो आउने
वृष: पढाईमा ध्यान दिनुपर्ने
मिथून: लामो यात्राको योग छ
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: खानपानमा समस्या आउने
कन्या: अनावश्यक चिन्ता
तुला: आम्दानी हुने
वृश्चिक: मनमा पछुतो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: विचार गरेर बोल्नुहोला
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |
| आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं | १९७ |

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



पुजाआजा



| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

## साउदी अरबका विदेश मन्त्रीले भने, 'सिरियाका विषयमा अरब राष्ट्रहरूले आफ्नो अडान परिवर्तन गर्नुपर्छ'

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ७ फाल्गुण




सिरियाका विषयमा अरब राष्ट्रहरूले आफ्नो अडान परिवर्तन गर्नुपर्ने साउदी अरबका विदेश मन्त्रीले बताएका छन्। साउदी अरबका विदेश मन्त्री प्रिन्स फैसल बिन फरहान अल साउदले सिरियालाई एक्लो छोड्दा काम नबन्नेमा अरब राष्ट्रहरूमा सहमति बनेको बताए।

शरणार्थी फिर्ता लगायतका मानवीय समस्या समाधानका लागि सिरियासँग कुनै समय वार्ता गर्न आवश्यक रहेको उनले बताएका छन्। विदेश मन्त्रीले शनिवार म्यूनिख सुरक्षा फोरममा यी कुराहरू भनेका हुन्। यसले अरब देशको त्यो पुरानो धारणामा परिवर्तन देखाउँछ जसमा गृहयुद्धको सुरुवाती वर्षमा यी देशले सिरियाली राष्ट्रपति बशर अल-असदविरुद्ध विद्रोहीको समर्थन गरेको थियो। उनले भने, 'तपाईंले देख्नुहुनेछ कि गल्फ कर्पोरेसन काउन्सिलमा मात्र होइन अरब विश्वमा पनि यथास्थितिले काम गरिरहेको छैन भन्ने सहमति बनिरहेको छ।' छिमेकी मुलुकमा रहेका सिरियाली शरणार्थीका सम्बन्धमा चरम पन्थी सोचको सट्टा राजनीतिक समाधानको अर्को बाटो खोज्ने प्रयास भइरहेको विदेश मन्त्रीले बताए। उनले भने, 'यसका लागि सिरियाको सरकारसँग कुनै न कुनै बेला यस्तो खालको कुराकानी गर्नुपर्नेछ जसमा मानवीय मुद्दासँग जोडिएका सबैभन्दा महत्त्वपूर्ण उद्देश्य पूरा हुन सकियोस्। यसमा शरणार्थीको फिर्ती पनि समावेश छ।'

## अमिताभसँगको टकरावबारे के भन्छन् शत्रुघ्न ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ७ फाल्गुण



वरिष्ठ अभिनेता शत्रुघ्न सिन्हा र अमिताभ बच्चनबीचको सम्बन्ध सधैं चर्चामा रहन्छ। यो भनिन्छ कि यी दुई बीच कहिल्यै राम्रो सम्बन्ध थिएन। तर, दुवैले यस सम्बन्धमा खुलेर केही भनेका थिएनन्। हालैको एक कार्यक्रममा भने शत्रुघ्नले बिग बीसँगको टकरावको बारेमा कुरा गरेका छन्।

साथै उनले फिल्म 'दिवार' र 'शोले' रिजेक्ट गरेकोमा आफूलाई अझै पछुतो रहेको बताएका छन्। आजतकको कोलकातामा आयोजित कार्यक्रममा शत्रुघ्नले सोधिएको थियो, केही फिल्म छ जसको तपाई हिस्सा बन्न चाहनुहुन्थ्यो र त्यसमा सहभागी हुन नसकेकोमा पश्चाताप हुन्छ ' जवाफमा उनले भने- 'दिवार फिल्ममा काम गर्न नपाएकोमा मलाई अफसोस छ। त्यो फिल्म मेरो लागि लेखिएको हो। त्यो स्क्रिप्ट मलाई ल्याइएको थियो। लगभग ६ महिना मसँग राखें। तर, मनमुटावका कारण म फिल्मबाट पछि हटें। मलाई पहिले पनि शोले प्रस्ताव गरिएको थियो, तर मितिहरू उपलब्ध नभएको कारण त्यो भूमिका पछि अमिताभ बच्चनलाई दिइएको थियो। त्यतिबेला म धेरै फिल्ममा व्यस्त हुन्थे।'

## भारतले अष्ट्रेलियालाई बनायो निरीह, चार खेलको श्रृंखलामा २-० ले अगाडि

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ७ फाल्गुण




अष्ट्रेलिया विरुद्धको टेष्ट क्रिकेट श्रृंखलामा भारत हावी देखिएको छ। भारतले चार खेलको श्रृंखलामा २-० को जित हासिल गरेको छ।

दिल्लीमा भएको दोस्रो टेष्ट भारतले मात्र ११५ रनको चुनौती सजिलै ४ विकेट गुमाएर पूरा गर्दै तेस्रो दिनमै जित हासिल गर्यो। भारतका लागि सयौं टेष्ट खेलेका चेतेश्वर पुजाराले अविजित रहँदै ३१ रन बनाए। शिकर भारतले २२ बलमा अविजित रहँदै २३ रन बनाए। त्यस्तै कप्तान रोहित शर्माले ३१ रन बनाए। आज तेस्रो दिनको बिहानकै सेसनमा लगातार ९ विकेट गुमाएर अष्ट्रेलिया ११३ रनमै अलआउट भयो। यसअघि पहिलो इनिङ्समा अष्ट्रेलियाले २६३ रन बनाएकामा भारतले २६२ रन बनाएको थियो। तर तेस्रो दिनको शुरुआतदेखि नै विकेट गुमाएको अष्ट्रेलियाले ३१.१ ओभर खेलेर अलआउट भयो।

## राष्ट्र बैंकले सोमबार १३ अर्ब २३ करोडको ट्रेजरी बोलकबोल गर्ने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ७ फाल्गुण




नेपाल राष्ट्र बैंकले सोमबार १३ अर्ब २३ करोड ३२ लाख रुपैयाँ बराबरको ट्रेजरी बोलकबोल गर्ने भएको छ।

केन्द्रीय बैंकले २८ दिने, ९१ दिने र १८२ दिने गरी तीन किसिममा उक्त ट्रेजरी बिक्री गर्ने भएको हो। यद्यपि, कुल ट्रेजरीमध्ये ८ अर्ब २३ करोड ३२ लाख रुपैयाँ पुरानो ट्रेजरीको नवीकरण गरेर बाँकी रहेको ५ अर्ब रुपैयाँ बराबरको नयाँ ट्रेजरी जारी गर्न लागिएको राष्ट्र बैंकले जनाएको छ। फागुन १० गते बिक्री हुने ट्रेजरी बिलको बोलकबोल सोमबार अर्थात् फागुन ८ गते दिउँसो ३ बजे हुनेछ। इच्छुक खरिदकर्ताले तोकिएको समयभित्र अनलाइन आवेदन दिन सक्नेछन्। यसअघि केन्द्रीय बैंकले फागुन २ गते ८ अर्ब रुपैयाँ बराबरको ट्रेजरी बिक्री गरेको थियो।


## सूचना

- समयमा कर तिरी पालिकाको विकास निर्माणमा सहभागी बनौं। समयमा कर तिरौं, जरिवानाबाट बचौं।
- सबैको व्यक्तिगत घटना दर्ता अनलाईन गरौं, गराऔं।
- खुल्ला रुपमा दिशा-पिसाव नगरौं, सभ्य बनौं, सफा रहौं। सदैब चर्पीको प्रयोग गरौं।
- गर्भवती महिलाले नियमित गर्भ परिक्षण गरौं, गराऔं। व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।
- खानेपानी उमालेर मात्र प्रयोग गरौं।
- व्यवसायिक कृषी उत्पादन गरौं, आत्मनिर्भर बनौं।
- आफ्ना घर अगाडी सडकमा फोहर नफालौं, न फाल्न दिऔं।
- घरपालुवा पशुपंक्षीहरु सडकमा छाडा नछोडौं।
- व्यापार व्यवसाय पालिकामा दर्ता गराएर मात्र संचालन गरौं, गराऔं।

गौशाला नगरपालिकाको कार्यालय, महोत्तरी



## सूचना

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वा नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजसता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,



जाडोको जोखिमबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।

रामगोपालपुर नगरपालिकाको कार्यालय, महोत्तरी



"Education Is The Light Of Life"

# NAME

COACHING & TRAINING CENTER PVT. LTD.

Janakpurdham-4, (Shantinagar)
(विश्वकर्मा चौक देखि संकटमोचन स्कूल जाने बाटोमा)

Our Running Programme

| Computer Class & English Language | Coaching Class | Tuition Class | Entrance Preparation | Bridge Course |
|---|---|---|---|---|
| | 6,7,8,9,10 | +2 Science<br>+2 Management | - H.A.<br>- Staff Nurse<br>- D-Pharmarcy<br>- CMLT (Lab)<br>- Opthalmic Science<br>- Diploma in Civil, Electrical Mechanical Engineering<br>- Lab Technician | - Science<br>- Management<br>- CMAT Preparation |

लोक सेवा आयोग

(१) खरिदार,ना.सु., अधिकृत (२) प्रहरी सेवा (३) शिक्षक सेवा (४) बैंक सेवा (५) शिक्षा सेवा (६) महिला विकास (७) स्वास्थ्य सेवा (८) प्राविधिक सेवा

हाम्रो विशेषताहरु

१. दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्वारा मनोवैज्ञानिक तरिकाबाट कक्षा संचालन
२. Computer Class को व्यवस्था
३. अंग्रेजी र नेपाली दुवै माध्यममा अध्ययन अध्यापनको व्यवस्था
४. विहान र बेलुका दुवै समयमा अध्ययन अध्यापनको व्यवस्था
५. प्रत्येक महिनाको अन्त्यमा Monthly Test को व्यवस्था र प्रथम, द्वितिय र तृतिय हुनेलाई पुरस्कारको व्यवस्था।
६. प्रत्येक कक्षामा सि.सि.टि.भि. क्यामरा द्वारा अनुगमन तथा प्रोजेक्टर द्वारा पठन-पाठन गराइने
७. प्रत्येक शुक्रवार *Revise Class* को व्यवस्था
८. कमजोर विद्यार्थीहरूका लागि विशेष कक्षाको व्यवस्था
९. गरीब,दलित, शहीद परिवार, अपाङ्ग विद्यार्थीहरूका लागि विशेष छुटको व्यवस्था
१०. प्रत्येक विद्यालयका प्रथम, द्वितिय र तृतीय विद्यार्थीलाई विशेष छुटको व्यवस्था
११. प्रत्येक शनिवार कुनैपनि विद्यार्थीले न्युनतम शुल्कमा लोकसेवा आयोगको परिक्षा दिई *Feed back* कक्षा लिन पाउने सुविधा
१२. *Free Wifi* को व्यवस्था
१३. Hostel तथा यातायातको व्यवस्था।



9854025530 / 9824885783



# कामनी ब्यूटी पार्लर


यहाँ ब्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै ब्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

# नेतृत्वको निहित स्वार्थले न्यायपालिकामा क्षयीकरण

-बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्थामा राजनीतिक दलहरूको सिद्धान्त, आचरण, व्यवहार र प्रवृत्तिले मुलुकको शासन प्रणाली र सुशासनमा प्रत्यक्ष प्रभाव पार्दछ। राजनीतिक दलहरू नै शासन संचालनका मुख्य वाहक हुन्। दलहरूको स्वच्छ व्यवहारबाट नै सुशासन कायम हुने हो । विकृति सबै क्षेत्रमा छ तर न्यायपालिका मात्र पनि निष्पक्ष, सक्षम र स्वतन्त्र भयो भने धेरै विकृति सुधार्न सकिन्छ। न्यायपालिका स्वयंमा विकृति बढ्न गयो भने मानवअधिकार र कानुनी शासन कमजोर हुन्छ । न्यायपालिकामा देखिएका विकृति र विसंगति राजनीतिक हस्तक्षेपका कारण मात्र नभई स्वयं न्यायपालिका नेतृत्वको कमजोरीले अनुचित किसिमबाट नियुक्ति हुने परिपाटी पनि त्यतिकै दोषी छ।

नेपालमा राजनीतिक परिवर्तनसँगै प्रशासनिक ढाँचा र न्यायिक संरचनाहरू पनि बदलिने गरेका छन्। २००७ सालपछि आधुनिक न्यायपालिकाको विकास गर्ने नाममा कहिले चार तह त कहिले तीन तहको न्यायपालिकाको संरचना खडा गरियो। २०३१ सालमा क्षेत्रीय अदालतहरू गठन भएपछि धेरै मुद्दा त्यहींबाट अन्त्य हुन्थ्यो। क्षेत्रीय अदालतको व्यवस्थाले सर्वोच्च अदालतको कार्यबोझ कम गर्न महत्वपूर्ण सहयोग पुऱ्याएको थियो । औसत न्यायाधीशहरूको छवि र प्रतिष्ठा तथा न्यायपालिकाको मर्यादा सम्मानजनक थियो। क्षेत्रीय अदालतमा न्याय सम्पादनमा उल्लेख्य भूमिका निर्वाह गरेका मुख्य न्यायाधीशहरू मध्येबाटै सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्ति गरिने परम्परा थियो। क्षेत्रीय अदालत रहँदासम्म कुनै पनि कानुन व्यवसायी क्षेत्रीय अदालतको न्यायाधीशको अनुभव प्राप्त नगरी सर्वोच्च अदालतको न्यायाधीशमा सोझै नियुक्त गर्ने प्रचलन थिएन। कानुन र न्यायका क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएका निष्ठावान कानुन व्यवसायी कृष्णजंग रायमाझी, संवैधानिक कानुनका ज्ञाता टोपबहादुर सिंह जस्ता व्यक्तिहरू पनि क्षेत्रीय अदालतमा नै नियुक्ति भई निजहरूको कार्य सम्पादनका आधारमा नेपाल अधिराज्यको संविधान, २०४७ लागू भएपछि सर्वोच्च अदालतमा नियुक्त गरिएको हो। उहाँहरूले सर्वोच्च अदालतमा रहँदा पनि न्याय सम्पादनमा स्वच्छ छवि नै बनाइराख्नुभयो । २०४६ सालको ऐतिहासिक जनआन्दोलनको परिणाम जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले कानुन व्यवसायीहरू पनि सर्वोच्च अदालतमा नियुक्त हुनसक्ने खुकुलो व्यवस्था गऱ्यो । फलत: धेरै कानुन व्यवसायी न्यायाधीशमा नियुक्त हुन पुगे। केही कानुन व्यवसायीले न्यायाधीशको रूपमा राम्रै काम गरेको पनि देखिन्छ । संविधान सुझाव आयोग (२०४७) को सदस्यको रूपमा काम गरेका वरिष्ठ अधिवक्ता नेपाल बारका पूर्व अध्यक्ष लक्ष्मणप्रसाद अर्याललाई कानुन व्यवसायको क्षेत्रबाट सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त गरियो। यसरी नियुक्ति गर्दा क्षेत्रीय अदालतको मुख्य न्यायाधीश भन्दा माथि राखिएन। सर्वोच्च अदालतमा न्यायाधीशको रूपमा उहाँले महत्वपूर्ण फैसलाहरू गरी न्यायपालिकाको गरिमा बढाउन उल्लेख्य योगदान गर्नुभयो । न्यायपालिकामा विकृति भित्रिएको छ। न्यायपालिकाभित्र यस्तो विकृति भित्र्याउने पात्रहरूको निश्चय नै खोजी हुने नै छ । अग्रजहरूले कठोर अवस्थामा पनि जोगाएको न्यायपालिकाको साख भत्काउनेहरूको सूचीकरण हुने नै छ । २०४७ सालको संविधान कायम रहँदासम्म (२०६३ सम्म) उहाँ बाहेक अन्य कानुन व्यवसायी चार जना मात्र सर्वोच्च अदालतमा नियुक्त हुनुभयो। २०४८ सालमा पुनरावेदन अदालतमा कानुन व्यवसायीको क्षेत्रबाट ठूलो संख्यामा न्यायाधीशमा नियुक्त हुनपुगे । कानुन व्यवसायीहरूबाट नियुक्त धेरैको काम-कारबाही त्यति प्रशंसनीय हुन सकेन। क्याडरबाट नियुक्त भएका सबै राम्रै राम्रो भन्ने पनि होइन। नियुक्ति गर्दा नै विशेष ध्यान दिनुपर्दछ भन्ने आशय हो। नियुक्तिमा विचार नपुर्‍याउँदा धेरै समस्या उत्पन्न भएको देखिएको छ। न्यायाधीशको नियुक्ति ज्यादै विवादमा परेकाले न्यायपालिकाको काम-कारबाही सधैं आलोचना र टिप्पणीको विषय बनिनै रह्यो। अहिलेको अवस्थामा झन् बढी विवाद भई न्यायपालिकाको स्वतन्त्रता र मर्यादामा नै क्षयीकरण भएको अवस्था छ।




न्यायपालिकाको गरिमा र प्रतिष्ठा जोगाउने र प्रवर्धन गर्ने भनेको न्यायमूर्तिहरू कति निष्ठावान, इमानदार, सृजनशील, निष्पक्ष र क्षमतावान छन् भन्नेमा निर्भर गर्ने विषय हो। न्यायपालिकामा न्यायाधीशहरूबाट नियन्त्रण नभई बिचौलियाको प्रभावमा काम हुने स्थिति सृजना भयो भने न्यायपालिकाको मूल्यमान्यता समाप्त हुन्छ। न्यायाधीश र कानुन व्यवसायीहरूकै मिलेमतोमा मुद्दाको सेटिङ हुने घटनाहरू पनि सार्वजनिक भएका छन्, जुन निन्दनीय हो । २०४७ सालको संविधानले चार तहको अदालतबाट क्षेत्रीय अदालत खारेज गरी तीन तहको अदालत स्थापना गर्‍यो। क्षेत्रीय अदालत खारेज भएपछि पुनरावेदन अदालतको स्तर खस्किएको भन्ने जस्ता टिप्पणी पनि रह्यो। लोकसेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षामा असफल भएका व्यक्तिहरू पनि दलविशेषको वा व्यक्तिगत गठजोड र सम्पर्कका आधारमा नियुक्त हुने परिपाटीले न्यायिक सुशासनको अवस्था सन्तोषजनक हुन सकेन। कानुन र न्यायका स्थापित आधारभूत मूल्यमान्यतामा क्षयीकरणको स्थिति सृजना भयो । मुलुकको न्यायपालिकालाई नेतृत्व दिने व्यक्तिहरूबाटै न्यायिक मूल्यमान्यता विपरीतका कार्यहरू गर्ने अवस्था देखापऱ्यो। यो निश्चय नै विधिको राज्य र सभ्य समाजको निम्ति अशोभनीय कार्य हो। यस्तो अवस्था आउनुको मुख्य कारणमा संविधानभित्र निहित स्वार्थले गरिएको केही त्रुटिपूर्ण व्यवस्था, न्यायपालिकाको कमजोर नेतृत्व, खराब काम गर्नेहरूलाई संरक्षणवादी व्यवहार, चरम राजनीतीकरण, भ्रष्टाचार र खराबहरू बीचको गठजोड जस्ता कुराहरू देखिन्छन् । ३० वर्षको पञ्चायती शासन व्यवस्थामा न्यायाधीशहरूले टाउकोमा निरंकुश शासनको तरबार झुन्डिएको अवस्थामा पनि न्यायपालिकाको शिर झुक्ने कार्य नगरेको फैसलाहरूबाट स्पष्ट छ । त्यसबेला समग्र न्यायपालिकाप्रति जनताको आस्था, विश्वास र भरोसा कायमै राख्न सफल भएको तथ्य रहेको छ ।

*सांभार: अनलाईन खबर ।*



## कम्प्यूटर टाईप-प्रिन्ट



सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाईप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्झनुहोस ।

-: दिलीप कुमार साह :-

सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२ (जनकपुरधाम, माछा बजार)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला






## सूचना

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वा नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजसता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,



जाडोको जोखिमबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

**सोनमा गाउँपालिकाको कार्यालय, महोत्तरी**

## सूचना

- समयमा कर तिरी पालिकाको विकास निर्माणमा सहभागी बनौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सबैको व्यक्तिगत घटना दर्ता अनलाईन गरौं, गराऔं ।
- खुल्ला रुपमा दिशा-पिसाव नगरौं, सभ्य बनौं, सफा रहौं । सदैब चर्पीको प्रयोग गरौं ।
- गर्भवती महिलाले नियमित गर्भ परिक्षण गरौं, गराऔं । व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
- खानेपानी उमालेर मात्र प्रयोग गरौं ।
- व्यवसायिक कृषी उत्पादन गरौं, आत्मनिर्भर बनौं ।
- आफ्ना घर अगाडी सडकमा फोहर नफालौं, न फाल्न दिऔं ।
- घरपालुवा पशुपंक्षीहरु सडकमा छाडा नछोडौं ।
- व्यापार व्यवसाय पालिकामा दर्ता गराएर मात्र संचालन गरौं, गराऔं ।

**बलवा नगरपालिकाको कार्यालय, महोत्तरी**

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम–४(मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday